# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ | फिदिम,पाँचथर | माघ ११ गते २०८१ | संख्याः ९

भाग-२

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिदिम पाँचथरको सूचना

# उन्नत कृषि पशुपंछी फर्ममा पशुपालन प्रवर्द्धन (वडा नं. ५) सम्बन्धी मापदण्ड, २०८१

## उन्नत कृषि पशुपंछी फर्ममा पशुपालन प्रवर्द्धन (वडा नं ५) सम्बन्धी मापदण्ड, २०८१

१. **संक्षिप्त परिचयः** फिदिम नगरपालिकाको आ.व ०८१/०८२ वार्षिक विकास कार्यक्रममा कोशी प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरणको क्र.स. १० मा उन्नत कृषि पशुपंछी फर्ममा पशुपालन प्रवर्द्धन (वडा नं ५)शीर्षकमा रु १०००००० (दश लाख) बजेट प्राप्त भएको र उक्त बजेट कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन २०८१/२०८२ प्राप्त भएको छ । मार्गदर्शनको प्राविधिक मापदण्ड को ६ बमोजिम व्यावसायिक गाई/भैंसी पालन प्रवर्द्धन/व्यावसायिक पशुपालन प्रवर्द्धन अन्तर्गत ले **गाई भैंसीका लागि गोठ निर्माण सुधार,उन्नत जातका गाई/भैंसी खरिद ,जैविक व्यवस्थापन,साईलेज उत्पादन सम्वन्धी पुर्वाधार निर्माण,यन्त्र उपकरण खरिद,घाँसको विउ खरिद तथा दुधको प्रशोधन तथा बजारिकरण सम्वन्धी कार्यहरु सहित** विभिन्न कार्यक्रमहरु गरी कार्यान्वयन गर्न सकिने व्यहोरा उल्लेख छ । उक्त प्रावधानका अधीनमा रही यस नगरपालिकामा उक्त कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी कार्यक्रम गर्नुपर्ने भएकोले फिदिम नगरपालिका,नगर कार्यपालिकाले यो मापदण्ड तयार गरेको छ ।

२. **मापदण्ड बमोजिम हुनेः** आ.व. २०८१।०८२ को उन्नत कृषि पशुपंछी फर्ममा पशुपालन प्रवर्द्धन (वडा नं ५) कार्यक्रम यस मापदण्डको अधीनमा रही सञ्चालन गरिनेछ ।

३. **निवेदन पेस गर्नुपर्नेः** उन्नत कृषि पशुपंछी फर्ममा पशुपालन प्रवर्द्धन (वडा नं ५) कार्यक्रम कार्यान्वयन गर्न इच्छुक तथा अनुसूची १ को न्यूनतम मापदण्ड पूरा गरेको कृषि तथा पशुपन्छी फर्मले नगर कार्यपालिकाको कार्यालयमा निवेदन / प्रस्ताव पेस गर्नुपर्नेछ ।

४. **छनौटका आधारः** मापदण्डको दफा ३ बमोजिम पेस भएका निवेदन/ प्रस्तावहरूको अनुसूची -२ बमोजिम मूल्याङ्कन गरी लाभग्राही छनौट गरिनेछ ।

५. **कार्यक्रम सञ्चालनः** दफा ४ बमोजिम छनौट हुन सफल व्यावसायिक कृषि तथा पशुपंछी फर्ममा कार्यक्रम सञ्चालन गरिनेछ ।

## अनुसूची -१

दफा ३ सँग सम्बन्धित

**उन्नत कृषि पशुपंछी फर्ममा पशुपालन प्रवर्द्धन (वडा नं ५) को मापदण्ड**

१. व्यावसायिक पशुपंछी फर्म सञ्चालक फिदिम नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने , व्यावसायिक पशुपालन फर्म फिदिम नगरपालिका वडा नं ५ को वडा क्षेत्र भित्र सञ्चालन भएको हुनुपर्नेछ ।

२. व्यावसायिक पशुपालन कार्यक्रम मार्गदर्शन तथा प्रचलित ऐन, कानुन बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

३. व्यावसायिक पशुपालन फर्मले कम्तिमा १० माउ उन्नत तथा वर्णसंकर गाई भएको, साथै फर्ममा ७०% गाईहरू दुहुना माउ भई र दैनिक कम्तिमा ७० लिटर दुध उत्पादन गरी बिक्री वितरण, प्रशोधन , बजारीकरण गर्दै गरेको हुनुपर्नेछ ।

४. मार्गदर्शनले तोकेको न्यूनतम लागत साझेदारी २५% अनिवार्य गराउनुपर्ने वा सो भन्दा माथिको लागत साझेदारी गर्ने व्यावसायिक फर्मलाई प्राथमिकता दिइनेछ ।

५. व्यावसायिक कृषि तथा पशुपंछी फर्मले मार्गदर्शनको प्राविधिक मापदण्ड ६ ले तोकेका क्रियाकलापहरू गाई भैंसीका लागि गोठ निर्माण सुधार, उन्नत जातका गाई/भैंसी खरिद , जैविक व्यवस्थापन, साइलेज उत्पादन सम्बन्धी पूर्वाधार निर्माण, यन्त्र उपकरण खरिद, घाँसको बीउ खरिद तथा दुधको प्रशोधन तथा वजारीकरण सम्बन्धी कार्यहरू मात्र गर्नुपर्ने ।

६. व्यावसायिक पशुपालन फर्मले असल पशुपालन अभ्यास अन्तर्गतका क्रियाकलापहरू आफ्नै लगानीमा पशुपालन र गोठ निर्माण ,घाँस खेती लगायतका कार्य सञ्चालन गरिराखेको हुनु पर्नेछ ।

७. व्यावसायिक पशुपालनका लागि कम्तिमा ३० रोपनी जग्गामा उन्नत एक वर्षे र बहू वर्षे भुईघाँस तथा डालेघाँस, घाँस खेती भएको तथा घाँस खेती क्षेत्रफल विस्तार गर्न सकिने पर्याप्त जग्गा जमिन आफ्नै वा लिज गरी लिएको हुनुपर्नेछ ।

८. व्यावसायिक पशुपालन फर्मले यस अघी ३ वर्षभित्र कुनैपनि निकायबाट यसै प्रकृतिको अनुदान नलिएको हुनपर्ने र कम्तीमा पशुपालन व्यवसाय ५ वर्ष सम्म व्यवसाय सञ्चालनको प्रतिबद्धता गर्नुपर्नेछ ।

९. व्यावसायिक पशुपालन फर्ममा व्यावसायिक रुपमा पशु रोग उपचार, पशुका खोपहरू लगाउने गरेको, तथा प्राविधिक उपलब्ध भएको ।

१०. व्यावसायिक पशुपालनका लागि आवश्यक पुर्वाधारहरु सडक, बिजुली,पानीको राम्रो व्यवस्थापन भएको ,गाईहरु राम्ररी स्याहार सुसार गरेको, श्रम जनशक्तिको पर्याप्त व्यवस्थापन भएको , सबै गाई/भैंसीहरु बीमा गरेको हुनुपर्ने ।

११. व्यावसायिक फर्मको वार्षिक नवीकरण तथा कर चुक्ता भएको हुनुपर्ने छ ।

अनुसूची -२
दफा -४ सँग सम्बन्धित

**अनुदानग्राही छनोटका मापदण्डहरु**

| क्र.स | विषयवस्तु | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | मापदण्ड बमोजिमका संलग्न कागजातहरु | १५ | |
| २ | अनुदानग्राही बाट पेश भएको संक्षिप्त कार्ययोजना | २० | |
| ३ | फिल्ड भेरिफिकेशन प्रतिवेदन | १५ | |
| ४ | अनुदानग्राहीले साझेदारी गर्ने रकम र कम्तिमा ५ वर्ष व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र | १० | |
| ५ | मापदण्ड बमोजिम अनुदानग्राहीको योग्यता | २५ | |
| ६ | लागत साझेदारी रकम तथा समान प्रकृतिको ३ वर्ष अघि देखी अनुदान नलिएको स्व-घोषणा | १० | |
| ७ | अन्य | ५ | |
| | जम्मा | १०० | |

**आज्ञाले,**
**कुमार प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत ।**